# बाली तथा पशुपंक्षी बीमा
# तथा
# बीउ बाली उत्पादन बीमा लेख

प्रदेश सरकार

प्रदेश नं. ३

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

**बीउ विजन प्रयोगशाला**

हेटौंडा, मकवानपुर, नेपाल

२०७६, वैशाख

# बाली तथा पशुपंक्षी बीमा

बीमा ऐन, २०४९ को दफा ८ (घ २) लेखिएको अधिकार प्रयोग गरी बीमा समितिले तत्कालिन कृषि विकास मन्त्रालयको सहयोग र समन्वयमा वाली तथा पशुपंक्षी बीमा निर्देशन, २०६९ जारी गरी नेपालमा औपचारीक र कानूनी रुपमा कृषि बीमाको शुरुवात गरिएको हो । कृषकहरूले लगाएका कृषिजन्य वाली तथा पालेका पशुपंक्षीहरू वाली तथा पशुपंक्षी बीमाको दायरामा पर्दछन् भने कानूनले निषेध गरीएका वालीहरू (जस्तै : सूर्ती तथा जडीबुटीहरू यस बीमा भित्र पर्दैनन् । बाली तथा पशुहरूको बीमा गराउँदा लाग्ने बीमा शुल्क (Premium) को ७५% अनुदान नेपाल सरकारबाट उपलब्ध गराउने व्यवस्था रहेको छ । शुरुको अवस्थामा बाली बीमा लागतको (खेती खर्च आधारमा भएता पनि विगतका वर्षहरूमा बीमा समिति द्धारा विभिन्न वालीहरूको  बीमालेख उत्पादनको आधार (Production) मा जारी गरि एको र सोको निरन्तरता रही आएको छ । २०७५ साल बैशाख १ गतेदेखि बीमा समिति द्वारा हरेक वाली तथा पशुपंक्षी बीमा गर्ने बीमितको रु २,००,०००। (दुईलाख) को दुर्घटना बीमा (दुर्घटना भै मृत्यु भएमा मात्र) अनिवार्य रुपमा गर्ने गरी समावे श गरेको छ । जसमा कुनै वाली वा पशुपंक्षीको बीमा अवधि १ वर्ष वा १ वर्ष भन्दा बढी छ भने बीमितले रु. १०० तिर्नु पर्ने र बीमा अवधि १ वर्ष भन्दा कम भएमा रु. ५०।- तिर्नु पर्नेछ । दुर्घटना बीमा वापत लाग्ने बीमा शुल्कमा अनुदान रहेको छैन ।

बाली तथा पशुपंक्षी बीमा, बीमा समितिमा दर्ता भएका २० वटा निर्जिवन बीमा कम्पनीहरू (बीमक) ले नेपालका सबै जिल्लाहरूमा कार्य गर्न सक्ने भएता पनि बीमा समितिद्धारा बीमा कार्यमा सहजता पुगोस भन्ने उद्देश्य राखी ति कम्पनीहरू लाई ३ देखि ४ वटा जिल्ला विभाजन गरी कार्यक्षेत्र तोकिएको छ । तोकिएको जिल्लाहरूमा ती कम्पनीहरूको उपस्थिती अनिवार्य रुपमा रहेको छ ।

## बाली तथा पशुपंक्षी बीमा गर्ने प्रकृया

१) **कृषकद्धारा प्रस्ताव फारम भर्ने :** कृषकद्धारा सर्वप्रथम आफ्नो वाली वा पशुपंक्षी के को बीमा गराउनेहो ? सोको बीमा कम्पनीद्धारा उपलब्ध गराइएको प्रस्ताव फारम भरी सोधिएका प्रश्नहरूको सही उत्तर सहित फारम भरि सो फारम सम्बन्धित बीमा कम्पनी वा सो कम्पनीको बीमा अभिकर्तालाई बुझाउनु पर्नेछ ।

२) **प्राविधिकको प्रमाण पत्र (प्रतिवेदन)** : कृषकद्धारा पेश गरिएको प्रस्ताव उपर मूल्याङ्कन गर्न सम्बन्धित कृषि/पशु, प्राविधिकलाई सो प्रस्ताव फारम बीमा कम्पनीले उपलब्ध गराई बीमाङ्क रकम (sum insured) कायम गर्नुपर्नेछ ।

३) **बीमा लेख जारी गर्ने** : कृषकद्धारा पेश गरी सम्बन्धित प्राविधिकद्धारा सो प्रस्ताव उपर मूल्याङ्कन गरी दिइएको प्राविधिकको प्रतिवेदन अनुसार कायम भै आएको बीमाङ्क रकमको बीमा लेखमा व्यवस्था भए बमोजिमको बीमा शुल्कको २५% बीमा शुल्क कृषक (बीमित) ले बीमा कम्पनीलाई बुझाए पछि बीमा लेख जारी हुन्छ ।

## वाली तथा पशुपंक्षी बीमा सम्बन्धि व्यवस्था

| **क्र.सं** | **बीमा** | **बीमाको प्रकार** | **बीमा शुल्क** | **कमिशनको व्यवस्था** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | बाली | लागतको आधारमा | बीमाङ्क रकमको ५% | बीमा शुल्कको १५% | |
| | | उत्पादनको आधारमा | बीमाङ्क रकमको ५ देखि ७% | बीमा शुल्कको १५% | बीमा शुल्क बाली अनुसारको बीमा लेखमा उल्लेख गरे अनुसार |
| २ | माछा | लागत तथा उत्पादन | २ % | बीमा शुल्कको १५% | पोखरीको पनि बीमा हुने ( १ % सम्पुष्ठी ) |
| ३. | पशु | लागतको आधारमा हुने | ५% | बीमा शुल्कको १५% | |
| ४. | कुखुरा | लागत (१) ब्रोइलर | १.२५ % | बीमा शुल्कको १५% | |
| | | (२) लेयर्स र प्यारेन्टल ब्रिड/हाँस | | बीमा शुल्कको १५% | |
| ५. | अष्ट्रिच | लागतको आधारमा हुने | २ % | बीमा शुल्कको १५% | |

| क्र.सं | बीमा | बीमाको प्रकार | बीमा शुल्क | कमिशनको व्यवस्था | कैफियत |
|---|---|---|---|---|---|
| ६. | स्याँउ | मौसम सचकाङ्क बीमा | ८% | बीमा शुल्क( को १५% | उत्पादनको आधारमा हुने |
| ७. | तर कारी | लागत तथा उत्पादन | ५ देखि ७ % | बीमा शुल्क( को १५% | |
| ८. | कफी | लागत तथा उत्पादन | ५% | बीमा शुल्क( को १५% | |
| ९. | चिया | लागत तथा उत्पादन | ५% | बीमा शुल्क( को १५% | |

*अभिकर्तामार्फत बीमा गराएमा कूल बीमा शुल्कको १५% कमिशन अभिकर्ताले प्राप्त गर्दछन भने सदस्य संसथा मार्फत बीमा भएमा कूल बीमा शुल्कको १५% छुट दिने व्यवस्था रहेकोछ ।

## सुरक्षण हुने वालीहरूको क्षेत्रफल

**बाली बीमाको न्यूनतम क्षेत्रफल** : लागतको आधारमा वालीहरूको बीमा गर्दा न्यूनतम क्षेत्रफल पहाडमा आठ आना (आधा रोपनी) तथा तराईमा एक कट्ठा हुनुपर्नेछ । उत्पादनको आधारमा हुनेवाली बीमाको हकमा सम्बन्धित वालीहरूको बीमा लेखमा व्यवस्था भए अनुसारको न्यूनतम क्षेत्रफल बमोजिम हुनेछ ।

### सुरक्षण हुने वाली तथा पशुपंक्षीहरूको लागत/बीमाङ्क रकम

वालीहरूको लागतको आधारमा हुने बीमामा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले उपलब्ध गराएको लागतको अधिनमा रही स्थानीय तहको कृषि हेर्ने इकाईबाट उपलब्ध गराएको लागत अनुसार बीमाङ्क रकम कायम हुने । उत्पादनको आधारमा हुने वाली बीमाको बीमाङ्क रकम बीमा लेखमा व्यवस्था भए बमोजिम हुने ।

**पंक्षीहरूको बीमाङ्क रकम तपसिल अनुसार हुनेछ :**

प्रति पंक्षीको बीमाङ्क रकम = .दाना खर्च ।। निर्धारित गुणाङ्क + चल्लाको मूल्य

**पशुहरूको बीमाङ्क रकम तपसिल अनुसार हुनेछ :**

पशुहरूको बीमाङ्क रकम कायम गर्दा पशुको जात, उमेर, उत्पादकत्व, पशुको स्थास्थ्य तथा प्राविधिकको रायलाई समेटी बीमित र बीमक बिचको आपसी सल्लाह अनुसार हुने जुन मूल्य स्थानीय ठाउँको चलन चल्तीको मूल्य भन्दा बढी हुनेछैन । पशुहरूको उमेरको सन्दर्भमा पशुसेवा विभागले उपलब्ध गराएको उमेरलाई आधार लिने।

**उमेर : पशुधनको बीमा योग्य उमेर (न्यूनतम र अधिकतम) देहाय बमोजिम हुनेछ :-**

- स्थानीय तथा उन्नत जातको गाई २ बर्ष (अथवा पहिलो वेत भएको देखि १० वर्षसम्म) भैसी ३ बर्ष (अथवा पहिलो वेत भएको देखि १२ वर्षसम्म)
- स्थानीय तथा उन्नत नश्लकोबाच्छी-कोरेली वा पाडीको ६ महिना देखि २ वर्ष सम्म प्रजननको लागि उन्नत नश्लको साँढे वा राँगाको ३ वर्ष देखि ७ वर्ष सम्म
- ढुवानी वा जोत्नको लागि गोरु वा रागा ३ वर्षदेखि १२ वर्षसम्म
- भेडा, बाख्रा र बंगुर ३ महिना देखि बिक्रीका लागि तयार हुन्जेल सम्म ।
- माछा पालनको लागि न्यूनतम २०० वर्ग मिटरको पोखरी र कम्तिमा तीन (३) फिट पानीको गहिराई भएको पोखरी हुनुपर्दछ तर ट्राउट माछाको हकमा प्राविधिकको सिफारिस अनुसारको संरचना भएको हुनुपर्नेछ ।

## वाली तथा पशुपंक्षी बीमा क्षतिको दाबी भुक्तानी व्यवस्था

| बाली | | पशुपन्छी | |
|---|---|---|---|
| पूर्ण रुपमा क्षति भएमा | बीमांकको ९० % | मृत्यु भएमा | बीमांकको ९० % |
| आंशिक क्षति भएमा | क्षति मूल्याकंन बमोजिम | पूर्ण रुपमा स्थायी अशक्त भएमा | बीमांकको ३०–५० % |

# वाली तथा पशुपंक्षी बीमा ले रक्षावरण गर्नेजोखिमहरू

देहायका कुनै कारण बाट बीमा गरियको बाली तथा पशुपंक्षी र माछा बीमा अवधिभित्र हानी नोक्सानी भएमा बीमकले बीमाङ्क रकमको ९० प्रतिशत रकम सम्म बीमितलाई भुक्तानी गर्नेछ ।

क) आगलागी, चट्याङ

(ख) भूकम्प

(ग) बाढी/डुवान /खडेरी

(घ) पहिरो/भूस्खलन

(ङ) आँधिबेहरी, असिना, हिऊँ वा तुसारो

(च) आकस्मिक/दद्रटैघनाजन्य बाह्य कारणहरू (जंगली जनावरहरूले नोक्सान गरेको समेत)

(छ) किरा तथा रोगबाट हुने हानि-नोक्सानी

(ज) बीमालेखमा व्यवस्था भए बमोजिमका अन्य जोखिमहरू

## दाबी सम्बन्धी प्रकृया

बीमालेखले रक्षावरण गरेको जोखिमहरूका कारणबाट बीमित बाली तथा पशुपंक्षी र माछा को हानी नोक्सानी भएमा सात (७) दिनभित्र र धान, तरकारी, फलफूल, आलुर पशुधनका हकमा १५ दिनभित्र वा सो अवधिभित्र संभव नभएमा सो को कारण सहित संभव हुनासाथ बैङ्क/सदस्य संस्था मार्फत देहायका कागजातहरू बीमक समक्ष पेश गर्नुपर्नेछ ।

क) सक्कल बीमालेख (आंशिक क्षतिकोहकमा बीमालेखको फोटोकपि)

ख) पूर्णरुपले भरिएको दाबी फाराम

ग) सम्बन्धित प्राविधिककोप्रतिवेदन

घ) महानगरपालिका वा उपमहानगरपालिका वा न.पा. वा गाउँपालिका वा वडा कार्यालय वा कम्तीमा सबभन्दा नजिकका दुई(२) जना छिमेकीको सर्जमिन मुचुल्का

ङ) मरेको पशुको संकेत पट्टा (tag) देखिने फोटो

## दाबी सम्बन्धि विवाद :

वाली तथा पशुपंक्षी दावी सम्बन्धि विवाद उत्पन्न भएमा ६० दिन भित्र बीमा समितिमा उजुरी गर्न सकिने व्यवस्था रहेकोछ ।

## बाली तथा पशुपन्छी बीमाको लागी तोकियका बीमक (बीमा कम्पनी) अनुसार जिल्ला

| क्र.सं | बीमा कम्पनी | तोकियका जिल्ला |
|---|---|---|
| १. | श्री यूनाइटेड ई. क. लि. | हुम्ला ,बाजुरा, अछाम |
| २. | श्री एभरेष्ट ई. क. लि. | कालिकोट, वर्दिया, सुर्खेत,दैलेख |
| ३. | श्री सगरमाथा ई. क. लि. | जाजरकोट,मुगु ,जुम्ला |
| ४. | श्री एनएलजी ई. क. लि. | सल्यान,डोल्पा, पं.रुकुम,बाँके |
| ५. | श्री नेशनल ई. क. लि. | प्युठान,रोल्पा,दाङ्ग,अर्घाखाँची |
| ६. | श्री ओरिएण्टल ई. क. लि. | तेह्रथुम,धनकुटा,सुनसरी,सप्तरी |
| ७. | श्री हिमालयन जनरल ई. क. लि. | ललितपुर, सिन्धुपलाञ्चोक, काभ्रेपलाञ्चोक, बारा |
| ८. | श्री प्रिमियर ई. क. लि. | दोलखा,सर्लाही,सिन्धुली,रामेछाप |
| ९. | श्री आई.यम.ई.इ.कं.लि. | धनुषा,महोत्तरी,ओखलढुङ्गा,सोलुखुम्बु |
| १०. | श्री शिखर ई. क. लि. | चितवन, मकवानपुर,नुवाकोट,धादिङ्ग |
| ११. | श्री नेपाल ई. क. लि. | डडेलधुरा,दार्चुला,बैतडी,कञ्चनपुर |
| १२. | श्री सिद्धार्थ ई. क. लि. | रुपन्देही,पाल्पा,कास्की,मनाङ्ग |
| १३. | श्री लुम्बिनी जनरल ई. क. लि. | संखुवासभा,उदयपुर,भोजपुर,खोटाङ्ग |
| १४. | श्री प्रभु ई. क. लि. | मुस्ताङ्ग,म्याग्दी,बाग्लुङ्ग,स्याङ्जा |
| १५. | श्री प्रुडेन्सियल ई. क. लि. | तनहुं,गोरखा,लमजुङ्ग,परासी |
| १६. | श्री राष्ट्रिय वीमा ई. क. लि. | कैलाली,बझाङ्ग,डोटी |
| १७. | श्री नेको ई. क. लि. | ताप्लेजुङ्ग,पाँचथर,इलाम,झापा |
| १८. | अजोड इन्स्योरेन्स कम्पनी लिमिटेड | गुल्मी पर्वत, पूर्वी रुकुम,रौतहट |
| १९. | श्री जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड | रसुवा, सिरहा , पर्सा |
| २०. | श्री सानिमा जनरल इन्स्योरेन्स क. लि. | कपिलवस्तु , नवलपुर, मोरङ्ग |

नोट : वीमा समितीद्वारा कार्यक्षेत्र तोकिएका कम्पनीहरूलाई अन्य जिल्लाहरूमा बाली वीमा गर्न बन्देज हुने छैन ।

# अन्न बीउ बाली उत्पादन बीमालेख

## .............इन्स्योरेन्स कम्पनी लिमिटेड

कार्यालय : ....................................... ................................... ..............

फोन नं. – ............ .......... फ्याक्स – ................ ईमेल.......................

### अन्न बीउ बाली उत्पादन बीमालेख

अन्न बीउ वाली उत्पादनको धनीद्वारा प्रस्ताव तथा घोषणा, जुन कुरा यस करारको आधार हुने तथा यस बीमालेखमा समावेश भएको मानिने विषयमा सहमति जनाई बीमाशुल्क रकम भुक्तानी भएको आधारमा .....................इन्स्योरेन्स कं लि. (यसपछि बीमक भनिएको) समक्ष देहायमा उल्लिखित बीमाको लागि प्रस्ताव गरिएकोले यस बीमालेखको अनुसूची, विवरण तालिका, परिभाषा, विशेष व्यवस्था, अपवाद र शर्तहरू यस करारनामाको अभिन्न अङ्ग मानिने गरी बीमाशुल्क भुक्तानीको प्रतिफल स्वरूप बीमकले बीमा अवधि भित्र अन्न बीउ वाली उत्पादनको विवरण तालिकामा उल्लेख भए बमोजिमका अन्न बीउ वाली उत्पादनको क्षति/हानी-नोक्सानी भएमा उत्पादन मूल्य अनुसारको क्षतिपूर्ति रकम सम्बन्धित पक्षलाई भुक्तानी गर्नेछ ।

**बीमालेखले रक्षावरण गर्ने जोखिमहरू :**

(१) देहायका कुनै कारणबाट अनुसूचीमा उल्लिखित अन्न बीउ वाली उत्पादनको बीमा अवधि भित्र हानी-नोक्सानी भएमा उत्पादन मूल्य अनुसारको वास्तविक क्षतिको ९० प्रतिशत सम्म रकम बीमितलाई भुक्तानी गर्नेछ :

(क) आगलागी, चट्याङ

(ख) भूकम्प,

(ग) बाढी/डुवान/खडेरी

(घ) पहिरो/भू-स्खलन,

(ङ) आँधीबेहरी, असिना, हिउँ वा तुसारो,

(च) आकस्मिक/दद्रटैघनाजन्य बाह्त्य कारणहरू,

(छ) किरा तथा रोगबाट हुने हानि-नोक्सानी

# क्षतिपूर्ति नदिने अवस्थाहरू

बीमकले निम्न अवस्थाहरूमा यस बीमालेख अन्तर्गत दाबी भुक्तानी दिने छैन :

(१) अन्न बीउ वाली उत्पादनको धनी वा निजको एकाघर परिवारका सदस्यको लापरवाहीको कारणले वा जानाजान मनोरञ्जनको उद्देश्यबाट वा रिसइवी साध्ने कार्यको कारणबाट क्षति भएमा ।

(२) कानुनी निकायको आदेशमा बीमा गरिएको अन्न बीउ वालीलाई नष्ट गर्नुपर्ने भएमा ।

(३) अन्न बीउ वाली चोरी भएमा ।

(४) बीमितले आफ्नो जग्गा बिक्री वा स्वामित्व हस्तान्तरण गरेको अवस्थामा । कानुन वमोजिम जग्गाको स्वामित्व स्वत : परिवर्तन हुने अवस्थामा यो प्रावधान लागू हुने छैन । तर जग्गा बिक्री वा स्वामित्व हस्तान्तरण गरेको अवस्थामा बीमालेख नामसारी गरी बीमा सुरक्षणलाई निरन्तरता दिन सकिनेछ ।

(५) युद्ध, अतिक्रमण, विदेशी सैन्य कारवाही (युद्ध घोषणा भएको होस् वा नहोस्), गृहयुद्ध, राजद्रोह, क्रान्ति, सत्ता विप्लव, सैनिक विद्रोहको कारणबाट बीमा गरिएको अन्न बीउ वाली उत्पादनको क्षति भएमा ।

(६) देहायको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सिर्जना भएको वा सोको प्रतिकूल योगदानबाट उत्पन्न कारणले बीमा गरिएका अन्न बीउ वाली उत्पादनको क्षति भएमा :

(क) आणविक विकिरण वा आणविक इन्धनको ज्वलनपछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियो धर्मिता (स्वतः जारी रहने अणुको विच्छेदनको ज्वलनसमेत) को सक्रियताको संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हुने कुनै दुर्घटना,

(ख) आणविक हातहतियारबाट उठेको वा सोसंग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको कारणबाट भएको दुर्घटना ।

(७) अन्न बीउ वाली उत्पादन गर्दा नेपाल सरकार द्वारा तोकिएका नियम, नीति, निर्देशन, कार्यविधी तथा यस बीमालेखको सर्तमा तोकिए बमोजिम निश्चित प्रक्रिया पुरा नगरेको अवस्था ।

(८) अन्न बीउ वाली उत्पादनको धनीले प्रस्ताव फाराममा विवरण दिँदा झुट्टा विवरण दिएमा वा जोखिम मूल्याङकन गर्नका लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुट्टा विवरण उल्लेख गरेमा बीमक दाबी प्रति उत्तरदायी हुने छैन ।

(९) बीउको बंशाणुगत कारणबाट क्षति भएमा ।

## शर्तहरू

बीमितले निम्न शर्तहरू पालना गर्नुपर्नेछ :

(१) बीउ उत्पादनको लागि प्रयोग गरिने बीउको श्रोत नेपाल सरकारबाट स्वीकृत प्राप्त सरकारी, अर्धसरकारी निकाय वा निजी क्षेत्रको हुनुपर्नेछ । साथै बीज उत्पादन गरिने बालीको जात राष्ट्रिय बीउ बीजन समितिबाट उन्मोचन/ रजिष्ट्रेशन (पंजिकृत)/दर्ता भई नेपाल सरकारबाट क्षेत्रगत सिफारिस गरिएको जात हुनुपर्नेछ ।

(२) उल्लेखित वालीहरूको वीज वृद्धि गर्दा कुन स्तरको अन्न बीउ वाली उत्पादन गर्नको लागि वीज वृद्धि गरिएको, सो स्तर खुल्नुपर्नेछ । जस्तै : मूल बीउ (Foundation Seed ), प्रमाणित बीउ (Certified Seed ) वा उन्नत बीउ (Truthful Lebel)

(३) परागसेचनको प्रकारको आधारमा (स्वसेचित/परसेचित) बालीका जातहरूको न्युनतम पृथकता दूरी तथा समय कायम भएको हुनुपर्ने छ ।

(४) अन्न बीउ वाली उत्पादन गरिने जग्गाको माटोको बढीमा ३ वर्ष अघि सम्मको अवधीमा परिक्षण गरी सो को नतिजाको आधारमा सिफारिस मलखाद तथा सुक्ष्म खाद्य तत्वको प्रयोग भएको हुनुपर्नेछ ।

(५) अन्न बीउ वाली उत्पादन गर्दा झारपातको उचित व्यवस्थापन भएको हुनुपर्ने र जमिनको तयारी समेत उचित किसिमले भएको हुनुपर्ने छ ।

(६) बाली विशेष अनुसारको संवेदनशिल अवस्था (Critical Stage) मा सिंचाईको व्यवस्थापन भएका हुनुपर्ने छ ।

(७) अन्न बीउ वाली उत्पादन गरिंदा प्रयोग हुने बाली बिशेष अनुसार सम्बन्धित सरकारी निकायले तोकेको बीउको न्युनतम स्तर (Minimum Seed Standard) कायम भएको हुनु पर्नेछ । बीउ परिक्षण नेपाल सरकारको प्रयोगशाला वा नेपाल सरकारबाट स्वीकृति प्राप्त प्रयोगशालामा भएको हुनुपर्ने छ ।

(८) बाली, बीउको स्तर र प्रमाणिकरण पद्धति विशेषका आधारमा न्यूनतम खेतवाली स्तर (Minimum Field Standard)कायम गर्नका लागि नेपाल सरकार, बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रबाट निर्धारित फर्मेट अनुसारको खेतवाली निरिक्षणको प्रक्रिया पुरा गरेको हुनुपर्नेछ ।

(९) माथि उल्लेखित शर्तहरूको हकमा सो अनुसार भए नभएको तथ्य नेपाल सरकारद्वारा तोकिएको बाली निरीक्षक (Crop Inspector ) द्वारा सिफारिस भएको हुनुपर्नेछ ।

(१०) बीउ उत्पादन स्थलको ब्लकको क्षेत्रफल तराई/भित्री मधेशमा न्यूनतम १ हेक्टर (३० कट्ठा) र पहाडमा १० रोपनी हुनुपर्नेछ । तर अन्न बीउ वाली लगाइएको ब्लक एकै कृषक वा एक भन्दा बढी कृषकको पनि हुन सक्नेछ। एकभन्दा बढी कृषक भएमा सबैको नाम र कित्ता नम्बर प्रस्ताव फारममा उल्लेख हुनुपर्नेछ।

(११) बीउ उत्पादक कृषक तथा बीउ खरिद/बिक्री कर्ता बीच संझौता भएको अवस्थामा संझौता पत्रको प्रतिलिपी ।

(१२) अन्न बीउ वाली उत्पादनको बीमा गरिएको बीमालेखको अनुसूचीको प्रतिलिपी सम्बन्धित जिल्लाको गा.वि.स./वडा/न.पा. तथा जिल्ला कृषि बिकास कार्यालयलाई बुझाउनुपर्नेछ ।

१३) अन्न बीउ उत्पादन बालीमा कुनै रोग/किरा/झारपात वा सबै लागेमा अन्न बीउ वाली उत्पादन धनीले तत्काल आफ्नै  खर्चमा उचित रेखदेख गर्नं पर्नेछ।

१४) बीमकले चाहेको जुनसुकै समयमा अन्न बीउ वाली उत्पादन बाली परीक्षण गर्न आउने बीमक वा तोकिएको संस्थाका आधिकारिक प्रतिनिधिलाई अन्न बीउ वाली उत्पादनको धनीले अवलोकन तथा निरीक्षण गर्न दिनु पर्नेछ ।

१५) अन्न बीउ वाली उत्पादन धनीले बालीको क्षति/हानी-नोक्सानी भएमा सोको ३ दिन भित्र लिखित वा अन्य संचार माध्यमबाट स्वयम् वा सदस्य संस्था मार्फत बीमकलाई जानकारी दिनु पर्नेछ । त्यस्तो जानकारी प्राप्त भएको ७२ घण्टा भित्र बीमक वा बीमकद्वारा तोकिएको संस्था वा प्रतिनिधिले क्षति/हानी-नोक्सानीको निरीक्षण गर्न सक्ने हुनाले सो अवधि सम्म वीज वाली उत्पादन धनीले क्षति/हानी-नोक्सानीको स्थानलाई यथा अवस्थामा राख्नु पर्नेछ । तर क्षति न्यूनीकरण गर्न चालिएको कदमलाई यस प्रावधानले कुनै बाधा पुऱ्याउने छैन ।

१६) यस बीमालेख अन्तर्गत बीमा गरिएको अन्न बीउ वाली उत्पादनको क्षति भएको कारणबाट हुने अन्य वा थप खर्च वा हानी-नोक्सानीको दावी गर्न पाइने छैन ।

१७) यस बीमालेखको अनुसूचीमा बीमा अवधि समाप्त हुने भनी उल्लिखित भएको मितिमा स्थानीय समय अनुसार रातको बाऱ्ह (१२) बजे पछि यस बीमालेखको अवधि समाप्त हुनेछ ।

## बीमाङ्क गणना

**१) बीमाङ्क रकम कायम गर्ने तरिका :**

**बीमाङ्क रकम = I X II**

I = १ हेक्टरमा उब्जनी हुने परिमाण (कृषि बिकास मन्त्रालयको तथ्याङ्क अनुसार सम्बन्धित बालीको अघिल्लो बर्षको र ाष्ट्रिय उत्पादकत्वलाई उत्पादनको परिमाणको आधार मानिनेछ ।)

II = प्रति टनको वास्तविक मूल्य (राष्ट्रिय बीउ बिजन कम्पनीले तोकेको अघिल्लो बर्षको सो बाली/जातको सोही स्तरको बीउको मूल्यलाई जनाउँछ। राष्ट्रिय बीउ बिजन कम्पनीले नतोकेको बीउको मूल्यको हकमा नेपाल कृषि अनुशन्धान परिषदले तोकेको बीउको मूल्यलाई आधार मानिनेछ ।)

२) बीमाशुल्क बीमाङ्क रकमको पाँच (५) प्रतिशत दरले लाग्नेछ ।

३) सदस्य संस्था मार्फत बीमा भएमा कुल बीमाशुल्कमा पन्ध्र (१५) प्रतिशत छुट दिइनेछ ।

## दाबी सम्बन्धी प्रक्रिया

यस बीमालेखले रक्षावरण गरेको जोखिमहरूका कारणबाट बीमितको अन्न बीउ वाली उत्पादन बालीको हानी भएमा सोको १५ दिनभित्र वा सो अवधि भित्र संभव नभएमा सोको कारण सहित संभव हुनासाथ बैङ्क वा सदस्य संस्था मार्फत देहायका कागजातहरू बीमक समक्ष पेस गर्नु पर्नेछ :

१) सक्कल बीमालेख (आंशिक क्षतिको अवस्थामा बीमालेखको छाँया प्रति)

२) पूर्ण रूपले भरिएको दाबी फाराम

३) बाली निरिक्षणको प्रतिवेदन

४) सम्बन्धित गा.वि.स/न.पा./वडा वा कम्तिमा नजिकको दुईजना छिमेकी/संधियारको सर्जमिन मुचुल्का

५) क्षति भएको अन्न बीउ बालीको फोटो

६) यस बीमालेख अर्न्तगत एक पटक बीमा दावी परी दाबी भुक्तानी भैसकेको अवस्थामा बीमालेख स्वत : खारेज भएको मानिनेछ ।

७) बीउ रोपाई भएको १५ दिन भित्र क्षती भई बीमा दावी परेको अवस्थामा बीमाङ्कको ५० प्रतिशत मात्र दावी भुक्तानी गरिनेछ ।

८) बीउ रोपाई भएको १६ दिन देखि ४५ दिन भित्र क्षती भई बीमा दावी परेको अवस्थामा बीमाङ्कको ७० प्रतिशत मात्र दावी भुक्तानी गरिनेछ ।

९) बीउ रोपाई भएको ७० दिन पछि आशिक क्षति भई दावी परेको अवस्थामा उक्त बीउ वालीको अन्तिम कटान भै फर-फारक हुन आउने परिमाणको ९० प्रतिशत मात्र दावी भुक्तानी गरिनेछ ।

**न्यून उत्पादन** (Short fall) = **न्यूनतम ग्यारेन्टी उत्पादन (प्रति हेक्टर) – वास्तविक उत्पादन (प्रति हेक्टर)**

**बीमा दावी रकम = कम उत्पादन (प्रति हेक्टर) X मूल्य (प्रति इकाई)**

**स्पष्टिकरण :**

**न्यूनतम ग्यारेन्टी उत्पादन** भन्नाले कृषि बिकास मन्त्रालयको तथ्याङ्क अनुसार सम्बन्धित बालीको अघिल्लो बर्षको प्रति हेक्टर ओषत उपादकत्वको हिसावले हुन आउने कुल उत्पादन लाई जनाउँछ ।

**वास्तविक उत्पादन** भन्नाले बीमित बालीको तोकिएको क्षेत्रमा उत्पादन भएको बीमित बालीको उत्पादन परिमाणलाई जनाउँछ ।

**न्यून उपादन** (Short fall) भन्नाले न्यूनतम ग्यारेन्टी उत्पादन बाट वास्तबिक उत्पादन घटाउदा हुन आउने परिमाण लाई जनाउँछ ।

**परिभाषा**

**बीमित** भन्नाले यस बीमालेखको अनुसूचीमा नाम उल्लेख भएको र यसै बीमालेख अन्तर्गत बीमा गरिएको अन्न बीउ वाली उत्पादनको स्वामित्व भएको व्यक्ति वा संस्था भन्ने सम्झनु पर्दछ ।

**बीमित बाली** भन्नाले यस बीमालेखको अनुसूचीमा नाम र विवरण उल्लेख भएको अन्न बीउ वाली उत्पादन सम्झनु पर्दछ ।

**बीमाङ्क रकम** भन्नाले बीमित तथा बीमकबाट मान्यता प्राप्त प्राविधकले संयुक्त रूपमा भरी बीमाको प्रस्ताव फारामको साथमा पेस भएको अन्न बीउ वाली उत्पादन बीमाको उत्पादन मूल्य निर्धारण फाराममा लेखिएको घोषित मूल्य सम्झनु पर्दछ ।

**बाली निरिक्षक** भन्नाले बीउ विजन ऐन, २०४५,(पहिलो संसोधन, २०६४) तथा बिउबिजन नियमावली २०६९ मा व्यवस्था भए अनुसार नियुक्त भएको व्यक्ति सम्झनु पर्दछ ।

**बीमा अवधि** भन्नाले यस बीमालेखको अनुसूचीमा उल्लेख भएअनूसार बीमा जोखिम स्वीकार गरिने बाली बिशेष/जात अनुसारको अवधिलाई संझनु पर्दछ ।

**बाली हानीनोक्सानी/प्रमाण-पत्र** भन्नाले सम्बन्धित प्राविधिक (बाली निरिक्षक)ले बीमित बालीको हानी-नोक्सानी भएको भनी प्रमाणित गरि दिएको प्रमाणपत्रलाई संझनु पर्दछ ।

**दुर्घटना** भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने र साङ्घातिक माध्यमबाट हुने आकस्मिक घटना संझनु पर्दछ ।

**अन्न बीउ वाली उत्पादन** भन्नाले नेपालका प्रमुख अन्न बालीहरू जस्तै : धान, गहुँ, मकै, कोदो,फापर, जौ, उवा, करु आदि बालीको बीउ उत्पादन बुझिनेछ ।

**उन्मोचन (Release)** भन्नाले नेपालमा जातिय विकास गरी नेपाल सरकारको राजपत्रमा प्रकाशन गरी खेतीका लागि सिफारिस गरिएका जातहरू भन्ने बुझिनेछ ।

**पंजिकृत (Registration)** भन्नाले नेपालमा जातिय विकास भएको र कम्तिका दुई (२) सिजनको प्राविधिक तथ्याङ्क प्रयोग गरि रजिष्ट्रेशन /पंजिकरण गरिएका जातहरू भन्ने बुझिनेछ ।

- वा बाहिरबाट ल्याइएका जातहरू खेतीका लागि (कम्तिका दुई (२) सिजनको डाटा/तथ्याङ्क प्रयोग गरिएको) नेपाल सरकारको राजपत्रमा प्रकाशन गरिएका जातहरू भन्ने बुझिनेछ ।
- दर्ता भन्नाले नेपालमा खेती गर्न सकिने गरी नेपाल सरकारको राजपत्रमा सूचना प्रकाशन गरिएका जातहरू भन्ने बुझिनेछ ।

**मूल बीउ (Foundation Seed )** भन्नाले मूल बीउ (Foundation Seed) भन्नाले प्रजनक बीउ (Breeder Seed) बाट सरकारी फार्म, केन्द्रमा बिशेषज्ञको निगरानीमा तयार गरिएको र सेतो ट्याग युक्त बीउ भन्ने बुझिनेछ ।

**प्रमाणित बीउ (Certified Seed)** भन्नाले मूल बीउ(Foundation Seed) बाट बीउ प्रमाणिकरण निकायको निगरानीमा तयार गरिएको बीउ भन्ने बुझिन्छ । प्रमाणित पुस्ता प्रथम निलो ट्याग युक्त र प्रमाणित पुस्ता द्बितिय हरियो ट्याग युक्त हुन्छ ।

**उन्नत बीउ (Improved Seed/ Truthful Labeled Seed)** भन्नाले प्रमाणित बीउ (Certified Seed) बाट कृषकको खेतबारीमा तयार गरिएको र पहेंलो ट्याग युक्त बीउ भन्ने बुझिन्छ ।

**दर्ता** भन्नाले नेपालमा खेती गर्न सकिने गरी नेपाल सरकारको राजपत्रमा सूचना प्रकाशन गरिएका जातहरू भन्ने बुझिन्छ ।

# अन्न बीउ वाली उत्पादन बीमालेख

अनुसूची

| | |
|---|---|
| ..............धनीको नाम :<br><br>नागरिकता नं. :<br><br>ठेगाना :<br><br>अञ्चल............ जल्ला....................<br><br>न.पा./गा.वि.स. .......... वडा नं........<br><br>टोलः.................. फोन नं :...............<br><br>इमेल.............................. | बीमालेख नं :<br><br>अभिकर्ताको नाम :<br><br>कोड नं. :<br><br>बीमालेख जारी स्थान :<br><br>बीमालेख जारी मिति :<br><br>बीमालेख जारी समय :<br><br>नगदी रसिद नं. : |
| अन्न बालीको नाम : (खुलाउनु पर्ने)<br><br>जात : बीमा अवधि<br><br>प्रारम्भ मिति :<br><br>समाप्ति मिति : | नगदी रसिद जारी मिति :<br><br>नगदी रसिद जारी समय :<br><br>बीउ बाली लगाइएको जम्मा क्षेत्रफल (हेक्टर) :<br><br>बीमाङ्क रकम = **I X II** |
| अन्न बीउ बाली लगाइएको स्थान :<br><br>अञ्चल...............जिल्ला...................<br><br>न.पा./गा.वि.स. .............वडा नं........<br><br>टोल .................. कित्ता नं. ............... | **I** = १ हेक्टरमा उब्जनी हुने परिमाण<br><br>**II** = प्रति टनको वास्तविक मूल्य |

| | | |
|---|---|---|
| समूह/संस्था/समिति/ऋण दिने बैङ्क तथा बित्तीय<br><br>संस्थाको नाम :<br><br>ठेगाना :<br><br>फोन नं. : | कुल बीमाङ्क : | रु. |
| | कुल बीमाशुल्क : | रु. "क" |
| | छुट :"क" को....... % (यदि भएमा) : | रु. "ख" |
| | (क-ख)छुट पछिको बीमाशुल्क : | रु. "ग" |
| | "ग" को........प्रतिशतले हुन आउने अनुदान रकम : | रु. "घ" |
| | ( ग -घ ) जम्मा | रु. |
| | टिकट दस्तुर : | रु. |
| | बीमितले तिर्नुपर्ने जम्मा बीमाशुल्क : | रु. |
| सम्पुष्टी (बीज भण्डार संवन्धी) संलग्न भए/नभएको | | |

बीमालेख स्वीकार गर्ने अधिकार प्राप्त व्यक्तिको

हस्ताक्षर :

नाम :

पद :

मिति :

नोट : यो अनुसूचीको प्रतिलिपी सम्बन्धित जिल्लाको गा.वि.स./वडा/न.पा. तथा जिल्ला कृषि बिकास कार्यालयलाई बुझाउनु पर्नेछ ।

## .............. इन्स्योरेन्स कम्पनी लिमिटेड
## काठमान्डौ, नेपाल
## अन्न बीउ वाली उत्पादन बीमा प्रस्ताव फाराम

१) अन्न बीउ वाली उत्पादन धनीको नाम :...........................................

२) पुरा ठेगाना : अञ्चल.......................जिल्ला.......................न.पा./गा.वि.स. .......... वडा नं. .........टोल :..................फोन/मोबाईल नं : .....................

३) पेसा : ....................................................

४) बीमा अवधि :...............................................

५) कृपया बीमाका लागि प्रस्तावित अन्न बीउ वाली उत्पादनको विवरण उल्लेखित तालिकामा भर्नुहोस् :

| क्र. स. | जात | बाली | बाली लगाइने/ लगाइएको कित्ता नं. | क्षेत्रफल (हेक्टर) | बीमा अवधि | | बीमाङ्क रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म | |
| | | | | | | | |

६) अन्न बीउ वाली तपाईको एकल स्वामित्व वा साझेदारीमा हो ? साझेदारीमा भए साझेदारको विवरण भर्नुहोस् :

.....................................................................................................

७) सिंचाईको व्यवस्था कस्तो छ ?

.......................................................

८) कृषिजन्य सुविधाहरू प्राप्त गर्नु भएको छ ? यदि छ भने त्यो कहाँबाट प्राप्त गर्नुभयो ?

क) सरकारी कृषि/निजी कृषि सेवा केन्द ..............................................

ख) कृषि केन्द्रबाट वीज वृद्धि बाली लगाइएको स्थानको अन्दाजी दूरी ....................

ग) सरकारी वा निजी कृषि प्राविधिकद्वारा बीमित बालीहरूलाई गरिने चेकजाँचको **विवरण :**

.............................................................................................................

९) विगत १ वर्षमा तपाईको कुनै अन्न बीउ वाली हानी-नोक्सानी भएको छ ? छ भने निम्न विवरण भर्नुहोस् :

| वर्ष | नोक्सानीको कारण | नोक्सान भएको परिमाण |
|---|---|---|
| | | |

१०. अन्न बीउ वाली उत्पादन बाली लगाईएको स्थानको पूर्ण विवरण/ठेगाना :

अञ्चल......................जिल्ला.....................न.पा./गा.वि.स. ...........

वडा नं. ..............टोल :...............................कित्ता नं. .......................

११. बीज भण्डारण बीमा गर्ने भए भण्डारण गर्ने स्थानको पूर्ण विवरण/ठेगाना :....................... .जिल्ला.....................न.पा./गा.वि.स..............

वडा नं. .........टोल :........

| क्र. सं. | जात | के.जी./प्याकेटको संख्या | लट नं. | तोकिएको मूल्य | बीमा अवधि | | बीमाङ्क रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म | |
| | | | | | | | |

१२) कुनै बैङ्क वा वित्त कम्पनी वा सहकारीले उक्त अन्न बीउ वाली उत्पादनमा लगानी गरेको छ ? छ भने, उक्त वैङ्क वा वित्त कम्पनी वा सहकारीको नाम र ठेगाना उल्लेख गर्नुहोस् :

नाम :............................................

अञ्चल....................जिल्ला......................न.पा. ⁄ गा.वि.स. ................

वडा नं. .................... टोल :...........................फोन नं : ........................

लिएको ऋणको रकम : रु. ....................(अक्षरमा).................................

म ⁄ हामीले माथि उल्लिखित अन्न वीउ बाली(हरू)को बीमा ...................... कम्पनी लिमिटेडसँग कम्पनीको सर्त बन्देज बमोजिम गर्न प्रस्ताव गर्दछौँ । म ⁄ हामी माथि उल्लिखित प्रश्नहरूको उत्तर सत्य भएको, अन्न वीउ बाली(हरू) लाई यथार्थ

ढङ्गले वर्णन गरिएको व्यहोरा प्रत्याभूत गर्दछौँ । मैले ⁄ हामीले बीमासँग सम्बन्धित कुनै पनि सूचना, विवरण वा तथ्य

नलुकाएको र यो प्रस्ताव नै कम्पनी र म ⁄ हामी बिच हुने सम्झौताको आधार हुने कुरा घोषणा गर्दछौं ।

प्रस्तावकको

हस्ताक्षर :

नाम :

मिति :

# ..................इन्स्योरेन्स कम्पनी लिमिटेड

## काठमाण्डौ, नेपाल

## कृषि प्राविधिक (बाली निरिक्षक)को प्रमाणपत्र

(प्रस्तावक सँगै संलग्न हुनु पर्ने)

१) अन्न बीउ वाली उत्पादन धनीको नाम :................................................

२) ठेगाना :

अञ्चल..........................जिल्ला.....................न.पा./गा.वि.स. .................

वडा नं. ................... टोल :...........................फोन नं : ........................

३) कार्यरत कार्यालय :....................................... फोन नं : .....................

४) बीमाको लागि प्रस्तावित अन्न बीउ वालीको विवरण :

| क्र. स. | जात | क्षेत्रफल (हेक्टर) | उब्जनी हुने प्ररिमाण (टनमा) | प्रति टन मूल्य | बीमा अवधि | | बीमाङ्क रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म | |
| | | | | | | | |

५) अन्न बीउ वाली लगाइएको स्थानको विवरण/ठेगाना :

अञ्चल..................जिल्ला....................न.पा./गा.वि.स. .........................

वडा नं. .............टोल :............................कित्ता नं...........................

६)  अन्न बीउ वाली उत्पादन पूर्वाधारहरूको अवस्थामा सन्तोषजनक छ ?

.............................................................................................

७)  यस पूर्व लगाइएको अन्न बीउ वालीमा कुनै रोग वा किराबाट प्रभावित भएको थियो ? यदि थियो भने विवरण दिनुहोस् ?

.............................................................................................

८)  अन्न बीउ वाली नजिक कुनै सरुवा वा सङ्क्रामक रोग फैलिएको छ ?

.............................................................................................

९)  उक्त अन्न बीउ वाली उत्पादनको जोखिमलाई स्वीकार्न नमिल्ने अरु कुनै जानकारी छ ? यदि छ भने त्यसको विवरण दिनुहोस् ।

.....................................................................

१०) तपाईं उक्त अन्न बीउ वाली उत्पादनको जोखिम स्वीकार गर्न कम्पनीलाई सुझाव दिन चाहनुहुन्छ ?

.............................................................................................

अनुसूचिमा उल्लिखित अन्न बीउ वाली उत्पादनको मैले ध्यानपूर्वक परीक्षण गरेँ । प्रस्तुत विवरण, मूल्य र उत्तरहरू मेरो
जानकारीमा आएसम्म सही छन् भन्ने कुरा प्रमाणित गर्दछु ।

प्राविधिकको  
नाम :  
हस्ताक्षर :  
मिति :  
ठेगाना :  
कार्यरत कार्यालय :

## अन्न बाली बीउ उत्पादन भण्डारणको बीमा सम्बन्धि सम्पुष्टी

(Endorsement)

| | |
|---|---|
| धनीको नाम थर :<br>अञ्चल..................जिल्ला..................<br>न.पा. / गा.वि.स. .............वडा नं. .......<br>टोल ............... | बीमालेख नं.:<br>सम्पुष्टि जारी गर्ने कार्यालय :<br>बीमा अवधि :<br>जारी मिति : |
| वीज भण्डारण गरिएको स्थानको विवरण<br>अञ्चल..................जिल्ला..............<br>न.पा. / गा.वि.स. ..........वडा नं. ..........<br>टोल ..................घर नं.................<br>घरको बनावट : | भण्डारण गरिएको बीजको परिमाण :...........Kg/Pack<br>प्रति Kg/Pack को मूल्य :<br>कुल मूल्य :<br>लट नं.<br>बीउको स्तर : |

**बीज भण्डारण गर्दाको समयावधी बीमामा थप समाबेश गर्नुपर्ने भए :**

(१) यो स्वीकार तथा मन्जुर गरिन्छ की यो सम्पुष्टी सम्बन्धित बीमालेखसंग संलग्न भई सो को अभिन्न अंग हुनेछ ।

(२) अतिरिक्त बीमाशुल्क भुक्तानीको आधारमा बीमा भएको अन्न बाली बीउ भण्डारणको सम्बन्धमा आगलागी, चट्याङ, भूकम्प, बाढी, डुवान, पहिरो, भूस्खलन, आकस्मिक, दुर्घटनाजन्य बाह्य कारणहरू बाट भएको हानि-नोक्सानी बीमकले वहन गर्नेछ ।

(३) विदेशी शत्रुको कार्यद्धारा भएको युद्ध, आक्रमण, झगडा वा यस्तै समान कार्य, गृहयुद्ध, बिद्रोह, नागरिक उपद्रव, सैनिक गतिविधिको असर, नागरिक बिद्रोह, क्रान्ति, राज्य विरुद्ध वा विध्वंशात्मक कार्य, सैनिक बिद्रोह वा कुनै राजनैतिक दल वा संस्थाको पक्षमा भएको बल प्रयोगबाट हुने आतंक वा अशान्ति जस्ता गतिविधिबाट भएको हानि-नोक्सानीमा बीमकको कुनै दायित्व हुनेछैन ।

(४) उप दफा (३) बमोजिमको कारणबाट भएको कुनै पनि दावीलाई सो कारणबाट नभई अरु नै कारणबाट सृजना भएको भन्ने कुरा प्रमाणित गर्ने दायित्व बीमितको हुनेछ । सो कुरा बीमितबाट प्रमाणित हुन नसकेको अवस्थामा यस प्रकारको दावीको भुक्तानी दिन बीमक जिम्मेवार हुनेछैन ।

(५) अन्न बीउ वाली उत्पादन मा लगाईएको बाली र जात विशेष अनुसार उपयुक्त परिपक्व अवस्था (Optimum Maturity Stage) मा बाली कटानी गर्ने, सुकाउने, ग्रेडिङ गर्ने, गुणस्तर परिक्षण गर्ने, प्याकेजिङ्ग, लेवलिङ्ग र भण्डारण प्राविधिक दृष्टिकोणबाट उपयुक्त किसिमले गरिएको हुनुपर्ने छ ।

(६) भण्डारण र आगामी सिजन (मौसम) सम्मको लागि बीमालेख जारी गरिने हकमा भण्डारण घर, प्याकेजिङ्ग मेटेरियल तोकिएको न्यूनतम स्तर भन्दा घटीको हुनु नहुने ।

(७) बिज भण्डारणको हकमा बिज भण्डारण गरी बीमक समक्ष बिज भण्डारण गरि एको प्रमाण पेश गरी सकेपछि मात्र बीमा सुरक्षण लागू हुनेछ । सम्बन्धित जिल्लाको जिल्ला कृषि कार्यालयको प्रावधिकबाट बिज भण्डारण गरिएको प्रमाण प्रमाणित गराई बीमक समक्ष पेश गनुपर्नेछ ।

(७) मुल बीउ र प्रमाणित बीउको हकमा क्षेत्रिय बीउ वीजन प्रयोगशालाबाट प्रमाणित हुनुपर्ने छ । उन्नत बीउ (Truthful Labelled Seed) को हकमा बीउ उत्पादककर्ता स्वंयमले प्रमाणित गरेको हुनुपर्ने छ ।

(८) बीमालेखमा जुनसुकै कुरा लेखिएको भएता पनि बीमाको अवधि समाप्त हुनु अगावै बीमितले यो सम्पुष्टीको प्रभाव हटाइयोस भनी अनुरोध गरेको अवस्थामा थप बीमा शुल्क वा सो को कुनै अंश फिर्ता गरिने छैन ।

(९) बीमालेखमा उल्लिखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहनेछन् ।

(अधिकार प्राप्त अधिकारीको)

नाम :

बीमकको छाप :

हस्ताक्षर :

पद :

मिति :